कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ३ अंक ४९ (संयुक्तांक १४९) ने. सं. ११३४ तछलागा षष्ठी बुधवाः २०७१ असार ४ गते बुधवार (Jun-18, 2014) पृष्ठ १२ मूल्य रु.५/-

## ग्यारेन्टी उपचार

**तपाईंलाई कुन समस्याले सताएको छ ? हामीलाई भन्नुस !**

- यौन दुर्बलता र कमजोरी ☐ शिघ्र स्खलन ☐
- ढाड-कम्मर दुख्ने ☐ यौन उत्तेजना नहुनु ☐
- कपाल झर्ने ☐ हाड-जोर्नी दुख्ने ☐
- जाँड-रक्सीको लत ☐ गाँजा-चुरोतको लत ☐
- घुँडा र नसाको दुखाई ☐ ग्याष्ट्रिक र कब्जियत ☐
- मोटोपना घटाउने ☐ दुब्लो मोटाउने ☐
- सुगर तथा प्रेसर ☐ गर्भास्था पछिको पेतको दाग ☐
- स्टन घटाउन र बढाउन ☐ चायाँ पोतो डण्डीफोर ☐

माथि उल्लेखित कुन कुराले तपाईंलाई सताएको छ ? उक्त समस्यामा ठिक✓चिन्ह लगाउनुस र तल दिइएको फोन नम्बरमा डायल गरी फोन गर्नुस् । तपाईंको समस्या ३० दिनदेखि ९० दिनभित्र समाधान हुन्छ ।

०१-४३३६७०१, ९८०३५०२२५९, ९८४१९८१९७६

यो विज्ञापन होइन सत्य तथ्यमा आधारित छ ।

कानुनी सल्लाहकार
**ज्ञानबहादुर महर्जन**
प्रकाशक
**नजरराम महर्जन**
**(९८४१४०१०७७)**
सम्पादक
**श्रीकृष्ण महर्जन**
प्रवन्धक
**निरजमान सिंह**
व्यवस्थापन
**भरत महर्जन, सनम श्रेष्ठ**
वेभसाइट व्यवस्थापन
राज श्रेष्ठ

प्रेसः **शर्मीला प्रिन्टर्स, डल्लु, काठमाण्डौं**
कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
फोन नं.: ४३३३००७
kirtipur_sandesh@live.com
http://kirtipursandesh.blogspot.com
**काठमाण्डौं जि. प्र. का दर्ता नं. २११ –२०६७/०६८**

## सम्पादकीय

# सुकीको नेपाल भ्रमणले उठेका प्रश्न

म्यानमारका प्रजातन्त्रवादी नेतृ एवं शान्ति नोवेल पुरस्कार विजेता आङसाङ सुकीको चार दिने नेपाल भ्रमणको क्रममा विभिन्न प्रश्नहरु उठ्न थालेका छन् । सुकी म्यानमारको विपक्षी दलका नेता भएतापनि नेपाल सरकारले नै उहाँलाई निम्तो दिएका कारण म्यानमारको सरकारले नेपाल सरकारलाई कसरी हेरिन्छ भनी प्रश्न उठन थालेको छ । सरकारले सरकारका प्रतिनिधिलाई बोलाउनुको सत्तामा विपक्ष दलका नेतालाई बोलाई सम्मान गरेपछि यस्तो प्रश्न उठ्नु स्वाभाविक नै हो । नेपालका छिमेकी मुलक भारत र चीनले समेत अहिलेसम्म पनि सुकी पश्चिमेली मुलुक नजिक रहेको भन्दै सरकारको तर्फवाट औपचारिक रुपमा निम्तो दिएको छैन ।

चार दिने नेपाल भ्रमण भइरहेकै समयमा म्यानमार सरकारले विदेशीसंग विवाह भएका व्यक्तिलाई राष्ट्रपतिमा उठ्न नपाउने औपचारिक रुपमा नै निर्णय गरेको कारणले पनि सुकीलाई नेपाल सरकारले सम्मान गरेको कारणले हुनसक्छ भनी अनुमान गर्न थालेको अवस्था छ ।

विशेष गरि प्रजातान्त्रिक समाजवादी पक्षमा रहेको दावी गर्दै आएका विश्वका विभिन्न मुलुकका राजनीतिक दलहरुको अन्तर्राष्ट्रिय सोसलिष्ट डेमोक्रेटिकका सदस्य नेपाली कांग्रेस रहेको अवस्थामा समाजवादी अन्तर्राष्ट्रिय सम्मेलनको आयोजना गरि सो संस्थाका सदस्य रहेको म्यानमारको पार्टीका नेतृ सुकीलाई प्रमुख अतिथिको रुपमा प्रधानमन्त्रीले आमन्त्रण गर्नु भनेको राज्यको लागि पनि राम्रो नभएको टिप्पणी हुन थालेको छ । नेपाली कांग्रेसको तर्फवाट आयोजना गरेको र पार्टी कै तर्फवाट निमन्त्रणा दिएको भए खासै असर नपर्नेमा सरकारकै तर्फवाट भएकोले उठेका यी प्रश्नहरुको सवालमा अवका दिनहरुमा अझ बढि बहस हुदै जाने अवस्था छ ।

# गजल शौरभ शाक्यया

गजल-८

अन्याय नं ह्वाःगु दु छंतः अय्नं छ सुम्क
न्याय् नं थ्याःगु दु छंतः अय्नं छ सुम्क ।

छंगु मिखाय् मि जल्ल थिनाच्वंगु दु
मिँ प्याःगु दु छंतः अय्नं छ सुम्क ।

च्वाप्प गुँ छ्यं क्वछुका बी वा न्त्यःने
च्वाप्प च्याःगु दु छतः अय्नं छ सुम्क ।

धात्थें ला ख्युँ खुना वनेमा छ आः न्हाँ
घाः स्याःगु दु छंतः अयनं छ सुम्क ।

आँत, जाँगर जक दयेमाः छंके आः
ल्हाःपाःस्वाःगु दु छंतः अयनं छ सुम्क ।

# धर्मनिरपेक्ष राज्यको यथार्थ स्वरुप

**प्रा. माणिकलाल श्रेष्ठ**

वि. सं. २०६३ को अन्तरिम संविधानले नेपाललाई 'धर्मनिरपेक्ष राज्य' घोषणा गरेको छ । यो घोषणा मात्रै पनि हाम्रो लागि एउटा ठूलो उपलब्धि हो किनभने यसले धर्मनिरपेक्षताको पूर्णताका लागि संघर्ष गर्न नेपाली जनतालाई एउटा औजार मिलेको छ । त्योभन्दा पहिले २०४७ सालको संविधान (बहुदलीय प्रजातन्त्रको पुनर्स्थापनापछि जारी गरिएको र मस्यौदाकारहरुद्वारा स्वयंघोषित रुपमा 'दक्षिण एसियाको सबैभन्दा राम्रो संविधान' भनिएको संविधान) मा पनि नेपाललाई 'हिन्दू अधिराज्य' भनिएको थियो । त्यसमा नेपाललाई बहुजातीय, बहुभाषिक राष्ट्र भनिए पनि बहुधार्मिक भन्न नचाहने कन्जुस्याइ थियो र त्यसले गर्दा संविधानले हिन्दू 'अधिराज्य' मात्र भनिए पनि हिन्दू अतिवादीहरुले हाम्रो देशलाई 'हिन्दू राष्ट्र' भनी चिच्याइर हने मौका पाए ।

नेपालको संवैधानिक विकासको क्रमलाई खोतल्दा के देखिन्छ भने राणा प्रधानमन्त्री पद्म शमशेरद्वारा जारी गरिएको २००४ सालको नेपाल सरकार वैधानिक कानून, राणा शासनको अन्त्यपछि अन्तरिम व्यवस्थाका रुपमा जारी गरिएको नेपाल अन्तरिम शासन विधान-२००७, तेस्रो संविधानका रुपमा जारी गरिएको नेपाल अधिराज्यको संविधान-२०१५, बहुदलीय प्रजातन्त्र अन्त्य गरी राजा महेन्द्रको प्रत्यक्ष शासन अन्तर्गत निर्दलीय पञ्चायती व्यवस्था लागू गरिएपछि जारी गरिएको 'नेपालको संविधान, २०१९', बहुदलीय प्रजातन्त्रको पुनः स्थापनापछि आएको 'नेपाल अधिराज्यको संविधान-२०४७' (नेपालको पाँचौं संविधान) र अहिले संविधानसभाले संविधान बनाई जारी नगरेसम्मका लागि अन्तरिम व्यवस्थाका रुपमा चालू रहेको नेपालको छैठौं संविधान 'अन्तरिम संविधान-२०६३' समेत छ वटा संविधान जारी भएका छन् । यी संविधानमध्ये तेस्रो संविधानदेखि नेपाल राज्यको स्वरुपको वर्णन शुरु गरिएको छ । तेस्रो संविधानले संविधानको नामै 'अधिराज्यको संविधान' राखी नेपाल राज्यलाई 'अधिराज्य' अर्थात राजतन्त्रात्मक राज्य भनेको थियो । चौथो संविधानमा 'अधिराज्य' नभनी नेपालको संविधान मात्र भनिए पनि संविधानको एउटा धारामै 'हिन्दू राजतन्त्रात्मक अधिराज्य' भन्ने किटान गरी नेपाललाई 'राजतन्त्रात्मक राज्य' का साथै 'हिन्दू राज्य' भनी घोषणा गरिएको थियो । पाँचौं संविधानमा सक्रिय राजतन्त्रको सट्टा 'संवैधानिक राजतन्त्र' को भावना लिएर 'संवैधानिक राजतन्त्रात्मक अधिराज्य' भनिए पनि 'हिन्दू, संवैधानिक राजतन्त्रात्मक अधिराज्य' भनी किटान गरेको छ । यस दृष्टिले प्रजातन्त्रको पुनःस्थापनापछिको २०४७ सालको संविधान निस्केपछि पनि 'राज्य र धर्म'को सम्बन्धका विषयमा भने २०१९ सालको पञ्चायती तानाशाही व्यवस्थाको संविधान भन्दा २०४७ सालको संविधान फरक देखिएन, सिर्फ राजतन्त्रको स्वरुप मात्रै सक्रिय राजतन्त्रको सट्टा संवैधानिक राजतन्त्र भनियो । पाकिस्तानले आफूलाई इस्लामिक राज्य भनेझैं २०१९ सालको र २०४७ सालको संविधानले नेपाललाई 'हिन्दू अधिराज्य' घोषणा गरेको छ अर्थात् 'सेक्युलर' (धर्म निरपेक्षता) को सिद्धान्त विपरीत 'थियोक्राटिक स्टेट' को सिद्धान्त नै अपनाएको थियो ।

यो स्थितिको अन्त्य २०६३ सालको अन्तरिम संविधानले गर्न खोजेको छ । हाल चालू यस संविधानले 'राजतन्त्र' को सट्टा 'गणतन्त्र' र 'हिन्दू अधिराज्य' को सट्टा 'धर्मनिरपेक्ष राज्य' घोषणा गरेको छ तर माथि भनिए झैं यस संविधानको घोषणापछि पनि धर्मनिरपेक्षता वा 'सेक्युलिएरिज्म्' को सिद्धान्तलाई व्यवहारमा लागू गरिएको छैन । यसको कारण के हो भने आफूलाई 'सेक्युलर' सिद्धान्तका समर्थक भन्ने हाम्रा राजनेता (स्टेट्समेन), पार्टीका राजनीतिक नेताहरु, संविधानविद् र कानूनविद्हरुमा पनि 'सेक्युलर' सिद्धान्तबारे भ्रमपूर्ण धारणा गहिरोसित गाडिएको छ । जानी जानी हो वा अज्ञानताको कारणले हो, तीमध्ये धेरैको के धारणा छ भने डेमोक्रेसी वा जनतन्त्रको सिद्धान्तको मूल आधार नै समानता भएकोले राज्यले एक नागरिक र अर्को नागरिकको बीचमा भेद गर्न हुँदैन, सबैलाई समान ठानेर समान संरक्षण दिनुपर्दछ । त्यसै गरी बहुजातीय देशमा एक जाति र अर्को जातिको बीचमा समानता हुनुपर्दछ । एक धर्म मान्ने र अर्को धर्म मान्ने नागरिकको बीचमा समानता हुनुपर्दछ । राज्यले सबैलाई समान व्यवहार गर्नुपर्दछ । यो विचार गलत होइन, जनतन्त्रको आधारभूत सिद्धान्त यही नै हो तर योभन्दा पनि एक तहमाथि गएर उनीहरु के भन्छन् भने राज्यले एउटा मात्र धर्मलाई प्राथमिकता दिने, संरण गर्ने काम गर्न हुँदैन, देशभित्रका सबै धर्मलाई समान संरक्षण गर्नुपर्दछ । यहाँनिर सबैभन्दा ठूलो भ्रम के छ भने 'समान ठान्नु वा समान व्यवहार गर्नु' भन्नु र 'समान संरक्षण दिनु' भन्नु उही कुरा होइन, त्यसैगरी 'विभिन्न धर्मावलम्बी सबै नागरिकलाई समान संरक्षण दिनुपर्छ' भन्नु र 'सबै धर्मलाई राज्यले समान संरक्षण दिनुपर्छ' भन्नुमा पनि फरक छ ।

पाकिस्तानले आफूलाई इस्लामिक राज्य घोषणा गरेर इस्लाम धर्मलाई राज्य धर्म मानी राज्यले त्यस धर्मलाई संरक्षण दिएकोले हामी पाकिस्तानलाई 'थियोक्राटिक स्टेट्' भन्छौं भने 'राज्यले सबै धर्मलाई संरक्षण दिनुपर्दछ' भन्नु 'मल्टि-थियोक्रााटिक स्टेट' बनाउन खोज्नु भएन त ? राज्य 'सेक्युलर' हुनुपर्दछ, धर्म निरपेक्ष हुनुपर्दछ भन्नुको अर्थ भारतका महान् मार्क्सवादी विद्वान क्रान्तिकारी नेता स्व. शिवदास घोषले भन्नुभए जस्तै 'राज्य धर्मबाट पूरै अलग हुनुपर्दछ' भन्नु हो । हुन त 'सेक्युलर' शब्दको ठीक अर्थ 'धर्मनिरपेक्ष' होइन, तर सेक्युलर राज्यको मुख्य लक्षण धर्मनिरपेक्षता भएकोले हामीले 'सेक्युलर स्टेट्'लाई 'धर्मनिरपेक्ष राज्य' भन्ने गरेका छौं । यो कुरा राम्ररी बुझ्न हामीले 'सेक्युलर' शब्दको ठीक अर्थ र सेक्युलर भावनाको उत्पतिबारे जान्नु जरुरी छ । वास्तवमा सेक्युलर भावना पुँजीवादको देन हो । आजको विकृत पुँजीवाद (अर्थात् पुँजीवादले 'एकाधिकार पुँजी' को रुप लिएको र पुँजीवादले साम्राज्यवादको चरणमा पुगेको)ले नभई अठारौं शताब्दीको क्रान्तिकारी पुँजीवाद अर्थात सामन्तवादको विरुद्ध उठेको पुँजीवादको उदयले ल्याएको क्रान्तिकारी धारणा हो, राज्यलाई चर्च र धर्मगुरुहरुको नियन्त्रणबाट मुक्त पार्न उठेको क्रान्तिकारी विचार हो ।

पुँजीवादको उदयभन्दा पहिले धेरैजसो दर्शन अध्यात्ममा आधारित थिए, अध्यात्म (अर्थात् 'आदि आत्मा') वा ईश्वरमा केन्द्रित थिए । यी ईश्वरवादी दर्शनमध्ये केही उदारवादी दर्शनले मानववादको कुरा गरे पनि त्यसको मुख्य सिद्धान्त 'हामी सबै ईश्वरका छोराछोरी भएकोले हामी सब समान छौं' भन्ने विचार थियो । बुद्ध, चार्वाक जस्ता अनीश्वरवादी दार्शनिकहरु अध्यात्मवादलाई नमाने पनि उनीहरु आदर्शवादबाट मुक्त थिएनन्, पूरै भौतिक आधार, पूरै भौतिक धरातलबाट सोचेका थिएनन्, त्यो बेलाको भौतिक परिस्थितिमा यो कुरा सम्भव पनि थिएन । पुँजीवादले ल्याएको मानववाद पुरानो आध्यात्मिक (र आदर्शवादको पनि) मानववादभन्दा भिन्न छ । पुँजीवादले ल्याएको मानववाद ईश्वरमा केन्द्रित होइन, भौतिक जगत, विश्व मानव समाजमा केन्द्रित मानववाद हो । त्यसैबाट सेक्युलर धारणा र आधुनिक लोकतन्त्र (प्राचीन कालको गणँतन्त्रभन्दा फरक) को जन्म भएको हो ।

**'सेक्युलर' शब्दको ठीक अर्थ**

'जगत सम्बन्धी' हो । तसर्थ सबै सेक्युलर सिद्धान्त र धारणा 'ईश्वर', 'अलौकिक शक्ति', 'शाश्वत आदर्श' मा आधारित होइनन् । जगत र मानिसमा आधारित हुन् । यसको अर्थ 'सेक्युलर' विचारले ईश्वरको विरोध गर्दछ भन्ने होइन, 'ईश्वर सित असम्बनधित', 'ईश्वरबाट मुक्त' धारणा मात्र हो । सेक्युलर सिद्धान्त अनुसार धर्म भन्ने विषय मानिसको आस्था हो । व्यक्तिको निजी विचार हो । राज्यको कुनै धर्म हुँदैन । यो कुरा नबुझेर 'सेक्युलर'को अर्थ सबै धर्मलाई समान संरक्षण दिनुपर्दछ भन्ने भ्रम धेरै राजनीतिक नेताले दिइरहेका छन् । संसदीय प्रजातन्त्रका अनुयायीहरुको त कुरै छोडौं, हाम्रो देशमा आफूलाई मार्क्सका अनुयायी भन्ने कम्युनिष्ट नेताहरु पनि सबै धार्मिक समारोहमा भाग लिएर आफूलाई समानताका समर्थक देखाउन खोज्छन् । सबै जातिका जनताको सांस्कृतिक कार्यमा भाग लिनु राम्रो कुरा हो तर धार्मिक कुरामा लाग्नु कम्युनिष्ट सिद्धान्तको मात्र विपरीत नभई पुँजीवादी 'सेक्युलर मानववाद' को पनि विपरीत हो । अरु त कुरै छोडौं, हाम्रा विभिन्न कम्युनिष्ट पार्टीले आफ्नो पार्टीमा नवप्रवेश गर्ने सदस्यलाई 'रातो टीका' लगाइदिएर स्वागत गर्छन्, यसो गरेर पार्टी प्रवेश गराएको हो कि मन्दिर प्रवेश गराएको हो भने बुझ्न सकिन्न ।

'सेक्युलर'लाई 'धर्मनिरपेक्ष' भन्नुको अर्थ 'धर्मबाट अलग' भन्नु हो, राज्य धर्मबाट एकदम अलग हुनु हो, राज्यले धर्मलाई संरक्षण पनि दिंदैन, विरोध पनि गर्दैन, धर्मसित पूरै असम्बन्धित रहने हो । संविधानले नेपाललाई 'सेक्युलर स्टेट' (धर्मनिरपेक्ष राज्य) घोषणा गरिसक्दा पनि राष्ट्रपतिले राज्यप्रमुखको हैसियतले धामिर्क समारोह, जात्रा-पर्व (फूलपाति, रथयात्रा आदि) मा भाग लिनु, राज्यले बडागुरुज्यू र मूल पुरोहित पद कायम राख्नु सेक्युलर (धर्म निरपेक्षता) को विपरीत मात्र होइन, 'हिन्दू राज्य'को धारणाकै निरन्तरता हो । एकदिन निर्वाचनबाट एकजना गैरहिन्दू नागरिक (उदाहरणका लागि, धामिर्क अल्पसङख्यक जातिका नागरिक, इस्लाम धर्मावलम्बी वा क्रिश्चियन) राष्ट्रपति बन्यो भने उनलाई पनि हिन्दू धार्मिक समारोहमा टीका थाप्न लगाउने ? संविधानले 'धर्मनिरपेक्ष' भनी गरेको घोषणा त शाब्दिक मात्र भएको छ । पुरानो एक जातीय पूर्वाधिकार, एक धर्मको विशेषाधिकारलाई कायम राख्न खोज्नु संविधान विरोधी गतिविधि हो ।

कीर्तिपुरको चित्रण

# कीर्तिपुर सन्देश

KIRTIPUR SANDESH WEEKLY

साप्ताहिक

वर्ष ३ अंक ४९ (संयुक्तांक १४९) ने. सं. ११३४ तछलागा षष्ठी बुधवाः २०७१ असार ४ गते बुधवार (Jun-18, 2014) मूल्य रु.५/-

## एसएलसीमा कीर्तिपुर क्षेत्रमा एपिएफ स्कूल अग्रस्थान

# कुन कुन स्कूलबाट कति पास भए ?

**कीर्तिपुर सन्देश/**

विद्यार्थी जीवनमा फलामे ढोकाको रुपमा लिदै आएको महत्वपूर्ण परीक्षा भनेको एस.एल.सी परीक्षा हो ।

एस.एल.सीको नतिजालाई अत्यन्तै महत्वका साथ स्कूल, अभिभावकका साथै सरकारले समेत लिदै आएको छ ।

कुन स्कूलले एसएलसीमा कति प्रतिशत पास गरे र कति जनाले विशिष्ट श्रेणी ल्याएको छ भन्ने आधारमा नै सो स्कूलको मुल्यांकन गर्ने चलन रहेको छ । पछिल्लो समयमा कीर्तिपुर क्षेत्रमा रहेका स्कूलकहरुको एलएलसीको नतिजा अत्यन्तै राम्रो हुदै आएको अवस्था छ । यस बर्षमा समग्रतामा कीर्तिपुर क्षेत्रमा पनि विगतको तुलनामा राम्रो नतिजा आएको भन्न सकिने अवस्था छैन ।

बोर्डिङ्ग स्कूलहरुमा विशिष्ट श्रेणी ल्याउनेहरुको प्रतिशत विगतको तलनामा कम भएको देखिन्छ । सार्वजनिक स्कूलहरुमा पनि विगतको तुलनामा धेरै मात्रामा विद्यार्थीहरु अनुत्तिर्ण भएको देखिन्छ ।

यस बर्षको एसएलसी परिक्षाको नतिजा अनुसार कीर्तिपुर क्षेत्रमा सशस्त्र प्रहरी स्कूल (एपिएफ स्कूल) अग्र स्थानमा रहेको छ। चम्पादेवी स्थित उक्त स्कूलको तर्फवाट जम्मा २९ जना एसएलसी परिक्षामा सहभागी भएका थिए ।

ती मध्ये जम्मा १९ जनाले विशिष्ट श्रेणी ल्याएका छन् भने अरु सबै १० जना प्रथम श्रेणीमा उत्तिर्ण भएका छन् । विगतमा ९० प्रतिशत अंक ल्याउने कीर्तिपुरका धेरै विद्यार्थीहरु थिए तर यसपालि भने ए.पि.एफ.का एक जना विद्यार्थीले मात्र ल्याउन सफल भएको छ ।

सामुदायीक स्कूलतर्फ बैष्णवी माविका आरती शाहले ८७ प्रतिशत अंक ल्याइ कीर्तिपुर क्षेत्रमा नै सामुदायीक विद्यालयमा उत्कृष्ट हुन सफल भएको अवस्था छ ।

विगत ७ वर्षदेखि लगातार विशिष्ट श्रेणीमा एक दुई जना विद्यार्थी उत्तिर्ण गराउँदै आएको आदिनाथ विद्यालयमा यसपाली एक जना पनि विशिष्ट श्रेणीमा पास भएन ।

*(आगामी अंकमा तुलनात्मक विश्लेषण गरिने छ। सं )*

| क्रसं. | स्कूल | जम्मा | विशिष्ट | प्रथम श्रेणी | दोश्रो श्रेणी | तेस्रो श्रेणी | अनुत्तिर्ण |
|---|---|---|---|---|---|---|---|
| १) | एपीएफ | २९ | १९ | १० | – | – | – |
| २) | क्रियटिभ | ३५ | १५ | २० | – | – | – |
| ३) | उज्ज्वल | ५५ | १५ | ४० | – | – | – |
| ४) | राराहिल | ६० | १४ | ४५ | १ | – | – |
| ५) | पुष्पसदन | १०० | २५ | ७१ | ४ | – | – |
| ६) | पांगामावि | ६१ | १३ | ४६ | १ | – | १ |
| ७) | हिल टाउन | ३४ | ८ | २४ | २ | – | – |
| ८) | मेगस | १३ | ३ | ९ | १ | – | – |
| ९) | बाघभैरव बो | १९ | ६ | १३ | – | – | – |
| १०) | कीर्ति सेकेण्डरी | १४ | १ | ७ | ६ | – | – |
| ११) | केब्स् | ८ | १ | ७ | – | – | – |
| १२) | मंगल | ३८ | २ | २८ | ६ | – | २ |
| १३) | जनसेवा | ५९ | – | १६ | १४ | १ | २८ |
| १४) | आदिनाथ | १४ | – | ४ | ६ | – | ४ |
| १५) | बैष्णवी | १३ | १ | १ | ९ | – | २ |
| १६) | बालकुमारी | २३ | – | ९ | ९ | – | ५ |
| १७) | विश्वराष्ट्र | १७ | – | २ | ६ | १ | ८ |
| १८) | कीर्तिपुरमावि | २१ | – | २ | १० | – | ९ |
| १९) | गोरखनाथ | ४ | – | ३ | – | – | १ |

यहाँ सुगर,पाइल्स, युरिक-एसिड, पिनास, तथा अल्सर निको पार्ने विशुद्ध जडिवुटी पाइन्छ । सम्पर्कः– फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग, फोन ४३३६७०१,९८०३५०२२५९

कोरीया रोजगारीको लागि तयारी कक्षाहरु सञ्चालन

प्रशिक्षकहरुः दक्ष, अनुभवी, बरिष्ठ र पुस्तक अनुवादक

कोरीयन भाषा

**विशेषताहरुः**

- हरेकदिन Class Test लिई विद्यार्थीहरुको प्रगति विवरण चुस्त दुरुस्त राखी आवश्यक सरसल्लाह, अतिरिक्त कक्षाहरु तथा पाठ्य सामग्रीहरुको व्यवस्था गरिने र Class Test मा उत्कृष्टलाई पुरस्कारको व्यवस्था ।
- Books/CDs हरुको राम्रो व्यवस्था साथै Audio Visual, Exercise and Question Books को व्यवस्था ।
- EPS-TOPIK को परीक्षालाई मध्येनजर गरी परीक्षामा विद्यार्थीहरुले सामना गर्नु पर्ने सम्भावित समस्याहरुलाई सम्बोधन गर्ने गरी हरेक हप्ता पनि Weekly Model Tests लिइने ।
- नियमित परीक्षाहरुको माध्यमबाट विद्यार्थीहरुको स्तर छुट्याई सोही अनुरुपको विशेष कक्षाहरुको व्यवस्था गरिने । त्यसमा पनि कमजोर विद्यार्थीहरुले Supporting Class अनिवार्य रुपमा लिने व्यवस्था ।
- Institute को आफ्नै पाठ्यपुस्तक तथा अन्य सहयोगी पाठ्य सामग्रीको माध्यमबाट चरणबद्ध, Focused, योजनाबद्ध र सरल ढंगले शिक्षण गराइने
- कोरियन भाषामा आधारभूत कुराकानी गर्न सक्षम बनाइने साथै Audio-Visual कक्षाको व्यवस्था
- भ्याली इन्स्टिच्यूटमा अध्ययनरत विद्यार्थी तथा (अन्य इच्छुक विद्यार्थीहरुले पनि नमुना Pre-Exam Full Test लिन सक्ने व्यवस्था
- Last-Minute Preparation Class को व्यवस्था ।
- EPS सम्बन्धि र Skill Test का विशेष परामर्श कक्षाहरु सञ्चालन ।
- विगतका वर्षहरुमा १००% नतिजा ल्याउन सफल ।

Valley Institute, Near Kirtipur Gate Ph: 01-4332509/ 9849421216




- 0% ब्याज दरमा किस्तावन्दीमा आईफोन ५ (Iphone 5)
- पहिलो किस्ता रु.१५,०००/ तिर्नुहोस, Iphone लिएर जानुहोस्
- साथै अन्य सम्पूर्ण Home Appliances पनि किस्तावन्दीमा उपलब्ध छ ।
- Financing Partner दर्शन बचत तथा ऋण सहकारी संस्था लि.

मोविल्याण्ड ईलेक्ट्रोनिक प्रा.लि.
कीर्तिपुर-१७, बाहिरी गाऊँ (नेपाल टेलिकमसँगै)
शाखा कार्यालयः महाराजगंज, नारायणगोपाल चोक
फोन नं. ४३३४२३५, ९८५११२५६७०

# विश्वकप फुटवल –२०१४



नविन महर्जन

गत जेठ ३० गते विहान सांगितिक कार्यक्रम साथ शुरु भएको विश्वकप फुटवल-२०१४मा आयोजक राष्ट्र ब्राजिलले उद्घाटन खेलमा उत्कृष्ट प्रदर्शन गर्दै विजयी सुरुवात गरेको छ। स्टार खेलाडी नेयमारको २ गोल र अर्को प्लेमेकर ओस्कारले १ गोल गर्दै समग्रमा ३-१ गोलले विजयी भएको थियो । यस उट्घाटन खेलमा ब्राजिलका मार्सेलालेले ११ औं मिनेटमा आत्मघाटी गोल गर्दै क्रोएसियालार्य अग्रता दिलाए का थिए । त्यसपछि २९ औं मिनेटमा नै नेयमारले शानदार गोल गर्दै बराबरी गोल गरेका थिए । हुनत यस खेलमा ब्राजिलले जीत दर्ज गऱ्यो तर ब्राजिलले यो खेल नाम अनुसार खेल्न असमर्थ रहेको थियो । बिसौं स्संकरणको यो उद्घाटन म्याच अपार समर्थक बीच ब्राजिलले जित्न त सफल भयो तर आउँदा खेलमा अझ स्तर युक्त खेल देखाउछन् भनेर अपेक्षा गर्न सकिन्छ। त्यसैगरी दोस्रो खेल समूह क को मेक्सिको र क्यामरुन बीच सम्पन्न भएको थियो।

उक्त खेलमा मेक्सिको पेर ाल्टाले ६१ औं मिनेटमा निर्णायक गोल गर्दै १-० गोलले क्यामरुनलाई पराजित गरेको थियो।

त्यसैगरी समूह ख को खेल युरोपका पावर हाउस नेदरल्याण्ड्स र स्पेन बीच भएको थियो । यो खेल गत विश्वकप फाइनल खेलको पुनरावृत्ति थियो तर नतिजा विपरीत, उक्त खेलमा १ गोलले पछाडी रहेको नेदरल्याण्ड्सले पहिलो हाफको अन्ततिरनिकै डाइभिङ्ग गोल गर्दै रोविन भान पर्सिले बराबरी गोल गरेका थिए ।

त्यसपछि नेदरल्याण्डले शतप्रतिशत उत्कृष्ट खेल खेल्दै डिफेन्सलाइन र गोल कीपरलाई चकित पार्दै ५-१ गोलले जित हासिल गर्दै वदला लिएका थिए । त्यसैगरी यसै समूहकै अर्को खेल चिल्ली र अष्ट्रेलिया बीच भएको थियो जुन खेलमा चिलीले अष्ट्रेलियालाई ३-१ गोलले पर ाजित गरेका थिए ।

त्यसै गरी जेष्ठ २१ गते र ाती सम्पन्न समूह ग को कोलम्बिया र ग्रिस बीच भएको खेलमा कोलम्बिया ३-० गोलले विजयी भएको थियो। त्यसै गर ी असार १ गते विहान सम्पन्न भएको युरोपको चर्चित देश इटाली र इङ्गल्याण्ड बीच भएको खेलमा इटाली२-१ गोलले विजयी भएको थियो । उक्त खेलमा निर्णायक गोल इटालीका वालाटालिले गरेका थिए। त्यसै गरी १ गते विहान एसियाली टिम जापान र आईभरि कोष्ट बीच खेल सम्पन्न भएको थियो । उक्त खेलमा आईभरि कोस्ट २-१ गोलले विजयी भएका थिए ।

अहिलेसम्मको खेलको नतिजा हेर्ने हो भने ब्राजिल, नेदरल्याण्ड र इटाली लगायतले आफ्नो पहिलो खेलमा स्तरीय खेल पस्किंदै जित हासिल गर ेको छ भने सम्पूर्ण फुटवल प्रेमीलाई स्पेनको हारले दुःखी बनाइएको छ। खेलमा जित र हार हुन्छ तर व्यावसायिक खेलाडीहरुले भरिएको युरो कप र गत विश्वकप विजेता त्यस्तै नमिठो हारले निकै आघात पुऱ्याएको छ । जस्ले गर्दा स्पेनलाई खेलमा फर्किन धेरै कठिन हुने देखिन्छ। त्यसैगरी इटालि र इङ्गल्याण्डको खेल निकै आकर्षक थियो। उनीहरुको खेल १९/२० को हाराहारी थिए जस्मा इटालीले बाजी मार्न सफल भएको थियो । यस वाहेकका अरु चर्चित टिमले आफ्नो पहिलो खेल राम्रै खेलेका छन् अरु बाँकी खेल प्रतिस्पर्धात्मक हुने देखिन्छ

# पाँचौं अन्तर विद्यालय फुटवल प्रतियोगिता–२०७१ सम्पन्न

युथफेरम क्लब, पाँगा कीर्तिपुर द्वारा आयोजित पाँचौं अन्तर विद्यालय फुटवल प्रतियोगिता –२०७१ गत सनिवार सम्पन्न भएको छ।

काठमाडौं उपत्यकाका १९ विद्यालयका २१ टिमले सहभागिता जनाइएको थियो। यस प्रतियोगितामा फाइनलमा पुगेका एपिएफले पुष्पसदन स्कुल माथि ५-० गोलको अन्तरले विजयी भएका थिए। फाइनल खेल पश्चात एक समारोह बीच पुरस्कार वितरण कार्यक्रम भएको थियो।

क्लबका अध्यक्ष निशान महर्जनको सभापतित्वमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथी पूर्व राष्ट्रिय खेलाडी एवं हालका जुनियर राष्ट्रिय टिमका प्रशिक्षक वालगोपाल महर्जन थिए। त्यसैगरी विशेष अतिथिमा वनहार्टका प्रिन्सिपल के बी महर्जन, अतिथीहरुमा जनसेवा उच्च मा.वि.का प्राचार्य नन्दकुमारी महर्जन लगायतका थिए। प्रमुख अतिथी एवं अन्य अतिथीहरुले विजयी तथा अन्य खेलाडीहरुलाई ट्रफि, मेडल र प्रमाण पत्रले पुरस्कृत गरेका थिए

उक्त प्रतियोगितामा उत्कृष्ट गोलरक्षकको उपाधि ए पी एफ का गोलरक्षक राजकुमार बोहोराले जितेका छन। त्यस्तै डिफेन्समा एपीएफ कै सरोज खरेल, फरवार्डमा पनि एपीएफका दिनेश शाही र प्रशिक्षकमा पनि एपीएफ कै ज्ञानकुमार केसी उत्कृष्ट ठहरिए।

पुष्पसदन आ.मा.वि. 'ए' टिमका लगन राई उत्कृष्ट मिड फिल्डर चुनिए।

अनुशासीत टिमको उपाधि भने नाइटिङ्गेल स्कुलले हात पाऱ्यो।

*तपाईको कविता, लेख तथा विज्ञापन प्रकाशित गर्नका लागि सम्पर्क गर्नुहोला कीर्तिपुर सन्देश साप्ताहिक*

कार्यालयः **निखासी टोलः कीर्तिपुर नपा-३**
**फोन नं.: ४३३३००७, ९८४१४०१०७७**
**kirtipur_sandesh@live.com**
http:kirtipursandesh.blogspot.com

## जग्गा विक्रिमा

**यस कम्पनी प्रा.लि.को नाममा रहेको साविक का.जि बालकुमारी गा.वि.स वडा नं ४ क कि.नं. ३५ को क्षेत्रफल ३–५–३–० को १४ फुट कच्ची सडकमा जोडिएको जग्गा प्रति आनाको न्यूनतम मूल्य रू.४,००,०००।( का दरले एकमुष्ट विक्रिमा रहेकोले खरिद गर्न इच्छुक व्यक्ति वा संस्थाले मिति २०७१/०३/१० गते भित्र सम्पर्क गर्न हुन सूचित गरिन्छ।**

**कीर्तिपुर हाउजिङ्ग कंम्पनी प्रा लि.**
**सम्पर्क नं. ४३३०६०९/४३३५५५१**

## जग्गा विक्रिमा

**यस कीर्तिपुर रियल स्टेट प्रा.लि. को नाममा रहेको साविक का.जि मच्छेगाउँ गा.वि.स वडा नं ९ ङ को कित्ता नं. ६, ९, १२२, १४९, १५०, १५२ को जम्मा क्षेत्रफल ३–२–२–३ को पीच सडकमा जोडिएको आकर्षक जग्गा प्रति आनाको न्यूनतम मूल्य रू.३,७५,०००।( का दरले विक्रिमा रहेकोले खरिद गर्न इच्छुक व्यक्ति वा संस्थाले मिति २०७१/०३/१० गते भित्र सम्पर्क गर्नु हुन सूचित गरिन्छ।**

**कीर्तिपुर रियल स्टेट प्रा लि.**
**सम्पर्क नं. ४३३०६०९/४३३५५५१**

## सुवर्ण अवसर

**SLC उत्तीर्ण सम्पूर्ण विद्यार्थीहरुलाई**
**हार्दिक बधाईका**
**साथ**
**सिट समित**
**अंग्रेजी भाषा र चाइनिज भाषा**
**नि:शुल्क**

कक्षा संचालन : २०७१ असार ८ गतेदेखि

**कक्षा ११ मा नयाँ भर्ना लिइदैछ ।**
**व्यवस्थापन, शिक्षा र मानविकी संकाय**

**MANGAL**
**+2, B.Ed. & BBS**
**Ph No. 4330544, 4335560, 9841356599**

# हार्दिक बधाई



यस Microtech M & E Pvt.Ltd का संचालक एवं / प्रबन्ध निर्देशक **श्री दुर्कमान महर्जन तथा श्रीमती माया देवी महर्जन** का सुपुत्र **श्री मौलिक मान महर्जन** २०७० सालको प्रवेशिका परिक्षामा ९०.२५% ल्याई विशिष्ट श्रेणीमा उतिर्ण हुनुभएकोमा उहाँको उत्तरोत्तर प्रगती तथा उज्ज्वल भविष्यको लागि हार्दिक बधाई तथा शुभ कामना व्यक्त गर्दछौं ।

## Microtech M &E Pvt. Ltdपरिवार

**बालुवाटार – २, काठमाण्डौं, नेपाल**

# सुत्ने बारेमा विभिन्न कुरामा ध्यान दिऔं



राजेन्द्र अमात्य

सुत्ने तरिका नमिल्नाले पनि विभिन्न अल्पकालीन शारीरिक समस्याहरु देखिने हुन्छ, निरन्तर नियम नपुगेमा गलत सुताई सम्बन्धि कारणले गर्दा तयो अल्पकालीन समस्याले दीर्घकालीन रोगको रुप लिन थाल्छ र निरन्तर वा बेलाबेलामा असाध्यै समस्या उत्पन्न गर्दछ । यस बारेमा उल्लेखित कुराहरुमा ध्यान दिनु पर्छ ।

–निन्द्रा बिथोलेर धेरै रातिसम्म नसुत्ने गर्नु हुँदैन । राति सकेसम्म ९/१० बजे सुत्ने र विहान ५/६ बजे नं उठ्ने गर्नु फाइदाजनक हुन्छ, धेरै ढिलो समयसम्म सुतिराख्दा आलस्यपना बढ्छ, तर राति जागा हुनेहरुले दिनको समयमा निन्द्राको पुर्ति गर्नुपर्छ ।

–सुत्ने कोठा दोहोरो हावा छिर्ने हुनुपर्छ। त्यसैले हावा छिर्ने झ्याल वा भ्यान्टिलेशन खुल्ला गर्नुपर्छ ।

–सुत्ने कोठा वा ठाउँ शान्त हुनुपर्छ। कोलाहलयुक्त ठाउँमा निन्द्रा बिथोलिन्छ र तनाव पनि निम्त्याउँछ ।

–सुत्दा भुई वा जहाँ सुतेपनि हुन्छ तर भुईं सिमेन्टको छ भने केहि बाक्लो गुन्द्री, सुकुल, कम्बल वा गलैंचा/राडी ओछ्याएर त्यसमाथि ओछ्यान लगाउनु पर्छ। समतल मिलेको सतहमाथि सुत्नु पर्छ ।

–सुत्दा ठिक्कको नरम ओछ्यान/डसना प्रयोग गर्नुपर्छ । बाक्लो डसना/गद्दा वा फोम प्रयोग गर्नुहुँदैन । बढी नरम फोमको प्रयोगले नशा दुख्ने, ढाडकम्मर दुख्ने, टाउको दुख्ने र अन्य रोगहरु लाग्ने सम्भावना हुन्छ । ढाड दुखाईका रोगीहरुलाई त यो वर्जित नै छ।

–सिरानी अग्लो राख्ने गर्नु हुँदैन । यसबाट गर्धनका नसाहरुको रोग लाग्ने, मेरुदण्डको माथिल्लो भागको हाडखिइने लगायत गर्धन र पिठ्यु दुखाइको समस्या हुने हुन्छ । तर सिरानी नराख्ने पनि गर्नु हुँदैन । ठिक्क साइजको होचो सिरानी राख्नु पर्छ ।

–सुत्दा नशाहरु नाडीको गति भएको ठाउँ र मुटुमाथि /छातिमा हात राखेर सुत्नु हुँदैन । यसो गर्दा सपनाहरु नराम्रो देखिने, तर्सिने/झस्किने आदी समस्याहरु आइपर्ने हुन्छन् ।

–सुत्नु अघि हात खुट्टा र मुख धुने ज्वाइनहरुमा अजवाइन वा रेलाइफ तेल लगाई राम्ररी मसाज गरी सुत्नुपर्छ र सुत्दा ओछ्यान टक्टकाउने र लुगा फेर्ने गर्नुपर्छ ।

–सुत्नेकोठामा लामखुट्टे, उपियाँ, उडुस आदि छन् भने त्यसले निन्द्रा विथोल्ने हुन्छ । त्यसैले यस्ता परजीविको नास गर्ने औषधि छर्किनु पर्छ तर सुत्ने बेलामा होइन । सुत्ने बाहेकको समयमा विष छर्किएर सबै व्यक्ति बाहिर निस्किने र हावा नछिर्ने गर्नु पर्छ । तेल लगाएर सुत्दा पनि लामखुट्टेले टोक्दैन ।

–सुत्दा घोप्टो सुत्नु हुँदैन। घोप्टो सुत्दा छाती सम्वन्धी रोग लाग्ने हुन्छ । त्यसैले लामो समयसम्म वा राति घोप्टो सुत्ने बानी गर्नु हुँदैन । महिलाहरु गर्भावस्था एवं महिनावारीको अवस्थामा घोप्टो सुत्नु हानिकारक हुन्छ ।

– नाक, मुख, छोपेर सुत्नु हुँदैन । सोफा वा अन्य बेन्च आदिमा सुत्दा पनि शरीरको स्थिति र ओछ्यानको अवस्था मिल्नु पर्छ ।

–धेरै कुप्रो परेर पनि सुत्नु हुँदैन । संगै अरु व्यक्ति पनि सुतेको छ भने उसको इच्छा विपरित कसैमाथि खुट्टा चढाएर वा हात राखेर सुत्नु राम्रो मानिंदैन ।

–सुत्दा सबैकुरा राम्रो र नियमित व्यायाम गर्दा पनि कोही कसैलाई राम्रोसंग निन्द्रा नलाग्ने पनि हुनसक्छ । त्यस्तो अवस्थाको व्यक्तिले द्यम्ए हर्बल चूर्ण वा यार्सागुम्बाको क्याप्सुल खानुपर्छ । साथै विसीएम एक्यूप्रेसर थेरापी गर्नु पर्ने हुन्छ ।

–सुतेको नमिलेर वा ओछ्यान नमिलेर ढाडकम्मर, गर्धन तथा हातखुट्टा दुखेमा सात दिनसम्म पेन रेलाइफ तेल लगाएर मसाज गर्ने र विसिएम एक्यूप्रेसर थेरापी गर्ने गर्नुपर्छ। तपाईको दुखाइ सातदिनमै चटक्कै निको हुन्छ । र निन्द्रा पनि अति नै राम्रोसंग लाग्छ ।

# दुःख मुक्तिका लागि बुद्धशिक्षा पुस्तक विमोचन

गत जेष्ठ ३० गते प्रमुख अतिथि श्रद्धये भिक्षु गुणघोष महास्थविरले नगरमण्डप श्रीकीर्ति विहार अमल्सि कीर्तिपुरमा एक कार्यक्रम वीच पुर्णमान महर्जनद्वारा लिखित बुद्ध धर्मसँग सम्बन्धित लेखहरुको संग्रह "दुःख मुक्तिका लागि बुद्धशिक्षा" पुस्तकको विमोचन गर्नु भयो । करिव २०० जना विभिन्न महानुभावहरु र उपासक उपासिकाहरुको उपस्थितिमा भएको थियो । प्रमुख अतिथि भिक्षु गुणघोष महास्थविरले पुस्तक विमोचन गर्नु हुँदै भगवान बुद्धको मुख्य शिक्षा नै मानवको दुःख मुक्त गराउने हो र पुस्तकको नाम नै दुःख मुक्तिका लागि बुद्धशिक्षा भएको हुनाले विमोचित पुस्तक सबैले एक पटक पढ्नै पर्ने कुरा बताउनु भयो । बुद्ध, धर्म र संघ जस्तै आमाबुबा र गुरुको गुण अनन्त हुन्छ । पुस्तक दिवंगत भिक्षु सुदर्शन महास्थविर र लेखकका आमा बुबा रङ्गमाया र अष्टमानलाई समर्पण गर्नु पुस्तकको अर्को महत्वपूर्ण कुरा भएको उल्लेख गर्नुभयो । विमोचन भएको पुस्तक "दुःख मुक्तिका लागि बुद्धशिक्षा" को लेखक पूर्णमान महर्जनले विभिन्न पत्र-पत्रिकाहरुमा प्रकाशित बुद्ध धर्मसँग सम्बन्धित ३६ वटा लेखहरु सङग्रह गरी पुस्तक प्रकाशित भएको र बुद्धको मूल शिक्षा दुःख आर्य सत्य, दुःख समुदय आर्य सत्य, दुःख निरोध आर्य सत्य र दुःख निरोध गामिनि प्रतिपक्ष आर्य सत्यका कुरा उल्लेख गर्नुभयो । दुःखबाट बच्नका लागि, आर्य अष्टङ्गिक मार्ग या शील, समाधि र प्रज्ञालाई जीवनमा आत्पसात् नगरी संभव नभएको र जन्म, जरा, व्याधि र मरणबाट मुक्त हुन निर्वाणको गन्तव्यमा पुग्न भगवान बुद्धको मार्ग अनुसरण बिना सम्भव नहुने कुरा बताउनु भयो ।

सबै दानलाई धर्मदानले जित्छ (सब्ब दानं धम्मदानं जिनाति) भन्ने भगवान बुद्धको उपदेश जस्तै लेखक पूर्णमान महर्जनको पुस्तक पनि कार्यक्रममा उपस्थित सबैलाई धम्मदानको रुपमा निशुल्क वितरण गरिएको थियो ।

कार्यक्रममा श्रीकीर्ति ज्ञानमाला भजन खलःका अध्यक्ष श्रीकृष्ण महर्जनले पनि बोल्नु भएको थियो । पुस्तक विमोचन कार्यक्रम महन्त वहादुर महर्जनले संचालन गर्नु भएको थियो ।


# हार्दिक श्रद्धाञ्जली

जन्म : २००८ मंसिर

स्वर्गारोहण: २०७१/०२/१६



स्व. जगतबहादुर कुस्ले

यस कीर्तिपुर गाइड एसोशियसन कार्यसमितिका सदस्य श्री दिलबहादुर कुस्लेका पुज्य पिता **जगतबहादुर कुस्ले**को २०७१ जेठ १६ गते असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद् घडिमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**कीर्तिपुर गाइड एसोशियसन**
**पर्यटन सूचना केन्द्र**
चिथु, कीर्तिपुर–३ फोन नं. ४३३४८१७

# हार्दिक श्रद्धाञ्जली

जन्म : २०३४/०१/३०

स्वर्गारोहण: २०७१/०१/१८



**स्व. नरेन्द्र बज्राचार्य**

मेरो परममित्र नयाँबजार, कीर्तिपुरका **नरेन्द्र बज्राचार्य**को २०७१ बैशाख १८ गते असामयिक निधन भएको ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछु । साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछु ।

**निरज मान सिंह**
निखासी, कीर्तिपुर–३


नेपालको लागि आधिकारीक विक्रेता
E Tech Mobile Pvt. Ltd
Iphone, Sony Mobile,Gilston Mobile, BML Mobile
MRP : 75,000/-
with VAT
software
१ वर्ष
warrenty
Introductory Price: 10,000/-
Accessories : Flip cover,
Screen guard and
Power bank
worth
3000/-
FREE
Area Distributer Wanted for :
Bhaktapur, Banepa, Birtamod, Butwal, Birgunj, Chabahil, Dhading, Damak,
Dhangadhi, Dharan, Dang, Janakpur, Jhapa, Kirtipur, Kalanki,
New road, Narayangadh, Nepalgunj, Patan, Pokhara, Surkhet
E Tech Mobile Pvt. Ltd
Nayabazar, Kathmandu-17
Branch- Bahirigaon, Kirtipur
Phone:01-4334235

# अनुवाद साहित्य– उपन्यास “भावना”-१६– नजरराम महर्जन

उनीहरूले मलाई उनीहरूसँग आउने भए आऊ होइन भने कुनै दिन अपहरण गरेर लान्छु भने । यदि मलाई अपहरण गर्न नसके भाइ भुवनलाई छुरा घोपेर मारी दिन्छु भनेर छुरा पनि देखाए । उनीहरूदेखि मलाई डर पनि लाग्न थाल्यो । उनीहरू यहाँ धेरैबेर बसिरहृयो भने इज्जत जान्छ । उनीहरूलाई छिटो पठाउनु पऱ्यो भनेर कहाँ आउने भनेर सोधें । साँझ पाँचबजे भूगोलपार्कमा आउनु भनेर गए । दाइ बजार गएर आउनुभयो । दाइलाई भनूं भने उनीहरूसँग झगडा गर्न जानुहुन्छ । उनीहरूसँग दाइले झगडा गर्न सक्नुहुन्न । बरु म नै यहाँबाट दुई चार दिन कहिं जानुपऱ्यो भनेर मेरो साथी कविताको घर बानेश्वरमा गएँ । त्यहाँ तीन रात बिताएपछि कविताको आमाले सोधपुछ गर्नुभयो । घरमा केही पनि नभनिकन किन बस्न आइरहेको भनेर मलाई गाली गर्नुभयो । अघि विहानमात्र कवितासँग आएको । घरमा पुग्नेबित्तिकै आमाले केही सोधपुछ नै नगरीकन जगल्ट्याउन थाल्नुभयो । दाइले पनि मलाई पिट्नु भयो । अहिले सम्म मेरो जिउ दुखिरहेको छ ।”




“घरमा एकचोटि फोन गर्नु पर्दैन ?”

“यहाँ नजिकको घरमा फोन गरेको त हो नि । उनीहरूले आमालाई नभनेको मलाई के थाहा ?” उनले हात जोड्दै भनिन्, “अंकल म त्यसरी जान नहुने हो । गएँ । मैले भूल गरें । मलाई माफ गरि दिनुस् । तपाईले आमालाई कुरा बुझाई दिनुस् । तपाईले त मेरो कुरामा विश्वास गर्नु भयो होला ।”

उनीहरू धेरैबेरसम्म कुरा गरिरहे । भावनाको कुरामा उसलाई विश्वास भएन । सबै कुरो उनले बनाएर भनेको जस्तो लाग्यो । उनको र उनको आमाको बारे उसको मनमा अनेकौं कुरा खेल्न थाल्यो । उनको आमाले पैसाको लागि उसलाई कुनै साहूकहाँ पठाएको पनि हुन सक्छ । उसलाई देखेर मात्र भावना हराइ भनेर बहाना बनाएको हो कि ? होइन होला सानु त्यस्ती आइमाई होइन । पैसाको लागि छोरी बेच्नेवाली होइन उनी । भावना नै कुनै केटासँग भागेकी होली । पैसा छउञ्जेल घुम्यो होला, पैसा सकिएपछि फर्की होला । यो कुरा पनि हो कि होइन ? साँचो कुरो के हो थाहा पाउन मन लाग्यो । आमाले नै शंका गरेर उनलाई पिटिन् । दाइले पिट्यो । छोरीको बारे आमालाई जस्तो अरू कसलाई थाहा होला ? भावना बिग्रिसकेकी छिन् या बिग्रेकी छैनन् उसलाई थाहा पाउन मन लाग्यो । तर कसरी थाहा पाउने ? कुरामात्र गरेर त थाहा पाउन सकिंदैन । भावनाले केही भन्ने छैनन् । उनलाई यहाँबाट टाढा कहिं लैजानु पऱ्यो । जहाँ भावना र ऊ बाहेक चिनेका कोही नहोस् । होटलमा एउटा कोठा लिने । जहाँ भावनालाई फकाएर यौन शोषण गर्ने कोशिस गरुंला । उनले मानिन् भने चालू भइसकेकी ठहरिने छ । चालू भइसकेकी केटीले त्यस्तो सुवर्ण मौका छाड्ने छैन । यदि भावनाले उसको अगाडि समर्पण गरिन् भने जिन्दगीभरको लागि उनीसित सम्बन्ध नै बिछेड गर्ने । आफ्नो रगत, हाड नाता नपर्ने कसैलाई पनि छोरी या बहिनी भनेर सम्बन्ध राख्ने छैन ।

ऊ यस्तै मनमा कुरा खेलाइरहेको बेला सानु डेरामा आइन् । उसले भावनाको पक्ष लिएर कुरा गरेको देखेर सानुले विश्वास गरिन् । उनले संतोषको सास फेरिन् । उसले योजनानुसार भावनालाई सोध्यो, “आजकल तिम्रो फुर्सद छ होइन ?”

“रिजल्ट नभएसम्म फुर्सदै फुर्सद छ ।” भावनाले भनिन् ।

“हामी दुईजना विराटनगर घुम्न जाउँ । दार्जिलिंग पनि घुमाएर ल्याउँछु ।”

“साँच्चै हो अंकल ?” उनी खुसी भएर आमासँग सोधिन्, “जाउँ आमा ?” “अंकलसँग जान पनि मसँग सोधिरहनु पर्छ ?” सानुले भनिन् ।

“पठाउने हो ?” उसले सानुसँग सोध्यो ।

“छोरी तपाईको हो । जहाँ लैजान मनलाग्छ लैजानुस् ।”

“कहिले जाने अंकल ?” भावनाले हतारिएर सोधिन् ।

“आजै जाने । म टिकट लिएर आउँछु तिमी तयार भै बस्नू ।”

भावना खुसी भइन् । आफ्नो योजना पूरा हुन लागेको देखेर ऊ पनि खुसी भयो । ऊ आफू बसेको होटलमा गयो । उसले होटलको कोठा छाड्यो । सुन्धारामा गएर विराटनगर जाने बसको दुईटा टिकट लिएर भावनाकहाँ आयो ।

## १२

भावना र ऊ विराटनगर जाने बसमा बसे । भावना झ्यालतिर बसिन् । बस गुड्यो । उनी बाहिर यताउता हेर्दै गइरहिन् । वीरगंज गएको बेलामा जस्तो चञ्चले भइनन् ।

बस आफ्नो गतिमा गुडिरहृयो । वीरगंज चल्ने बसजस्तो होइन । त्योभन्दा दोब्बर गतिले कुडिरहेको थियो । बस कुदिरहे जस्तै उसको मनमा पनि कुरा खेलिरहृयो । एउटी तरूणी केटीलाई उसले घरबाट टाढा घुमाउन लगिरहेको छ । दिनभरिको लागि मात्र होइन, दुई दिन, तीन दिन कति दिन, कति दिन कुनै ठेगान छैन । यसरी घुमाउन लैजाँदा अरूले के भन्लान, के सोच्लान भनेर उसलाई डर लागेन । उसले वास्ता पनि गरेन । उसलाई भावनाको चरित्र थाहा पाउनु छ । विराटनगर जाने भावनाको इच्छा, जहाँ मन लाग्छ लैजानुस् भनेर सानुले भनेको सम्झेर आउँदा उसको मनमा शंका पैदा भयो । काठमाडौं उपत्यकाभित्र जहाँ भए पनि एक टुक्रा जग्गा किनेर छाप्रो भए पनि एउटा घर बनाई दिनु भनेर सानुले उसलाई धेरैचोटि भनिसकेकी थिइन् । उसले हेरुंला भन्दै आइरहेको थियो । यो उद्देश्य पूरा गर्न सानुले उसलाई भावना सुम्पिदिएकी हुन् कि ? जे गर्न मन लाग्छ गर भनेर पठाएको हो कि ? उसले भावनालाई आजसम्म यौनको दृष्टिले हेरेकै छैन । उसले भावनालाई यौनको तृष्णा मेट्ने साधन बनायो भने यो संसारमा बाबु र छोरीको पवित्र सम्बन्ध सदाको लागि कलंकित हुनेछ । उसको आदर्श, मान्यता सबै चकनाचूर भएर जानेछ । क्रमश :


# श्रद्धाञ्जली

जन्म : २००६/५/२२



मदुगु : २०७१/०२/२२

मदुम्ह हरि तन्डुकार

यस संस्थाका सदस्य श्री राम गोपाल तण्डुकारको पिताः **हरि तन्डुकारको** यहि २०७१ जेष्ठ २२ गते असामयिक स्वर्गारोहण भएकोमा दिवंगत आत्मको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं । साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं ।

**लुमन्ति वचत तथा ऋण सहकारी संलि.**

नयाँबजार, कीर्तिपुर-१७, फोन ४३३४०८२



**साइकबर विक्रिमा**

**चलिरहेको साइबर विशेष कारणले विक्रिमा**

**फोन नं. ९८४१४३९८०९**



जाँड-रक्सी

सुर्ति, चुरोट तथा गाँजाको कुलत ग्यारेण्टी छुटाउने
हर्बल प्राकृतिक उपचार

**फिट्नेस प्वाइन्ट ट्रेडिङ्ग**
नेपाल टेलिकम बाहिरीगाउँ, कीर्तिपुर–१७ फोन नं. ०१–४३३६७०१, ९८४१९८१९७६
कृपया फोन गरेर मात्र आउनु होला ।



Nivaa Studio

**निभाः स्टूडियो**

खासीबजार, कीर्तिपुर
फोन नं. – ०१६२११६६३, ९८४१४६७०६९

**फोटो सम्बन्धी सम्पूर्ण कार्यको लागि सम्झनु होस् ।**



**नयाँ शो रूम खुल्यो**

CTEVT बाट संचालित राष्ट्रिय शीप प्रतियोगितामा Top Ten मा स्थान हासिल गर्न सफल युनिक टेलर्सको अब नयाँ शो रूम खुलेको जानकारी गराउन चाहन्छौं ।




युनिक टेलर्स
नयाँबजार, फोन ४३३१०७८

# रक्तदान–जीवनदान



**सोनेलाल साह**
B.A.M.S.Final phase
आयुर्वेद क्याम्पस
कीर्तिपुर, काठमाण्डौं

**रगतको आयु :–**

मानव शरीरमा करिव ४.५-५ लिटर रगत हुन्छ। नयाँ रगत बन्ने र पुरानो रगत नष्ट हुने प्रकृया लगातार चलिनै रहन्छ । त्यसैले हामीले रक्तदान नगरे पनि १२० दिनमा आफै नष्ट हुन्छ ।

रातो रक्तकण (RBC) –१२० दिन
सेतो रक्तकण (W.B.C)–केही घण्टादेखि एक हप्ता
प्लेटलेट (plstelets) – केही दिन

कस्ता व्यक्तिको रक्तदान गर्न सक्छन् ?

–१८ वर्षदेखि ६० वर्षसम्मका स्वास्थ्य पुरुष वा महिलाले ।
–४५ के.जी. भन्दा बढी तौल भएका व्यक्तिले
–ब्लड प्रेसर १६०/९५ देखि १००/६० एम.एम.एच.जी। भएको व्यक्तिले ।
– हेमोग्वोविन १२ ग्राम वा सोभन्दा बढी भएका व्यक्तिले ।

कस्ता व्यक्तिले रक्तदान गर्न हुँदैन ?

क्षयरोग, यौनरोग, छारेरोग, उच्च रक्तचाप, दम, मधुमेह, मृगौला सम्बन्धी रोग, जन्डिस, टाइफाइड, मुटुरोग, एच.आई.भी. संक्रमित, औषधि सेवन, गरिरहेका लागु पदार्थ एवं दुव्यसनमा लागेका, असुरक्षित र धेरै जनासँग यौन कार्यमा संलग्न रहेका व्यक्तिहरु साथै महिनावारी भइरहेको बेला शुरुको ८ दिनसम्म, बच्चालाई स्तनपान गरिरहेकी आमा, गर्भवती अवस्थामा रहेको व्यक्तिले रक्तदान गर्न हुँदैन ।

रगतको आवश्यकता पर्न सक्ने अवस्थाहरुः –

–दृघंटना एवं चोटपटकबाट बढी रक्तश्राव भएमा
–शल्यक्रिया गर्नुभन्दा अघि, गरिहेको समयमा वा शल्यक्रिया सकिएपछि ।
–क्यान्सर रोगीहरुमा,
–महिलाहरु गर्भवती पश्चात् बच्चा जन्मने बेला रक्तश्राव भएमा ।
– नवजात शिशुहरु जसमा रगत सम्बन्धी रोग भएमा ।
–रक्तश्राव हुने रोगहरु जस्तै :- कलेजोको रोग, पेप्टिक, अल्सर, फोक्सोका रोगहरु भएमा
–रगत सम्बन्धी हेमोफिलिया, एनिमिया, थलेसिमिया, आदि भएमा
–पोलिएका विरामहिरुमा

रक्तदान अवधि :- स्वस्थ पुरुष तथा महिलाले हरेक ३ तीन महिनाको अन्तरालमा वर्षमा ४ पटकसम्म रक्तदान गर्न सक्दछन् ।

संकलित रगतमा गरिने परिक्षण :– HBSAg, VDRL, RIV, Grouping, Cross matching, जस्ता परिक्षण गरी सुरक्षित रगत आवश्यक परेको विरामीहरुका लागि वितरण गरिन्छ ।

रक्त सञ्चार केन्द्रबाट रगत लिई अस्पतालमा विरामीसम्म पुऱ्याउँदा ध्यान दिनुपर्ने कुराहरु :–

– रगत लिइसकेपछि ढीलासुस्ती नगरिकन तुरुन्त अस्पताल पुऱ्याउनु पर्दछ ।
– रगत टाढा लैजानु छ भने आइबक्स, रगत चिसो राख्ने थर्मस जस्तो भाँडोमा बरफ राखेर लानुपर्दछ ।
–रगतको झोलालाई थिच्नु हुँदैन । जहाँ पायो त्यही राख्नु हुँदैन, रगतमा भएको ब्लड सेल खराब तथा संक्रमण (contamination) भयो भने विरामीलाई खतरा हुनसक्छ ।
–अस्पताल पुऱ्याउने वितिकै र ेफ्रिजेरेटरमा राख्न अस्पतालमा सम्बन्धित कर्मचारीलाई दिनु पर्दछ ।
– अस्पतालमा लगेको रगत तुरुन्तै प्रयोग नभए रक्त सञ्चार केन्द्रमा फिर्ता गर्नु पर्दछ । समाप्त

## हइन त ? — निरज



ह्वा रात भरी वर्ल्ड कप, दिन भरी निन्द्रा ले काम ठप्प । तपै वर्ल्ड कप सकाएर मात्र आउनुस ।



# हार्दिक श्रद्धाञ्जली

जन्मः वि.सं. २००३ भाद्र शुक्लपक्ष अष्टमी ने.सं. १०६६



स्वर्गारोहण वि.स. २०७१ जेष्ठ २० गते मंगलवार जेष्ठ शुक्लपक्ष पंचमी ने.सं.११३४

**स्व.श्री श्यामकाजी डंगोल, पाँगा, ढोकाफल**

यस माईक्रो ईञ्जिनियरिङ्ग ईन्स्टिच्युट प्रा.लि. का सल्लाहकार डा. देवकाजी डंगोलज्यू तथा संस्थापक सदस्य श्री बिजयकाजी डंगोलज्यूका श्रद्धेय दाजु **श्री श्यामकाजी डंगोलज्यू**को असामयिक निधन भएकोले दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै शोकसन्तप्त परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

१) मथुरा डंगोल
२) बालकृष्ण श्रेष्ठ
३) अरुण डंगोल
४) दिपकराज महर्जन
५) मोहन सिं महर्जन
६) दुर्कमान महर्जन
७) राजेन्द्र श्रेष्ठ
८) प्रकाशराम महर्जन
९) शुभ सेवा बचत तथा ऋण सहकारी संस्था लि.

mei Micro Engineering Institute Pvt. Ltd.
**माईक्रो ईञ्जिनियरिङ्ग ईन्स्टिच्युट प्रा.लि.**
कीर्तिपुर ९, पाँगा, ढोकासि, फोन नं.४३३५१७४

# CAREER OPPORTUNITY

*'Light Over Shade'*

HILL-TOWN INTERNATIONAL SCHOOL 1993

**HILL TOWN SCHOOL**

A well-reputed institution in Kirtipur is seeking some well-trained and experienced teaching professionals with good command of spoken and written English and Nepali for **pre- primary level**.

*Interested individuals are informed to drop a handwritten application mentioning expected salary within 2071/03/06 along with a copy of detailed résumé, a recent PP sized photograph and copies of other necessary testimonials.*

Only short-listed candidates will be called for interview.

For Details:
**HILL TOWN INTL H.S. SCHOOL**
Kirtipur – 1
Phone No: 4331739, 4331407
Email: hilltownschool@hotmail.com

# कीर्तिपुरमा १० औं शैक्षिक प्रदर्शनी सम्पन्न



विगतका वर्षहरुमा झैं कीर्तिपुर स्वयम सेवक समाजले प्रवेशीका परीक्षा तथा दश जोड दुई परीक्षा दिएर बसेका विद्यार्थीहरुलाई कलेज छनौट र परामर्श दिने उद्देश्यले गत जेठ ३१ गते सनिवार १० औं शैक्षिक प्रदर्शन तथा परामर्श सम्पन्न गरेको छ ।

नगाउँस्थित बाघभैरव बैंक्वेटमा भएको उक्त कार्यक्रमको प्रमुख अतिथि त्रि.वि.वि.का उपकुलपति प्रा.डा. हिरावहादुर महर्जनले रिवन काटी उद्घाटन गर्नु भएको थियो । प्रमुख अतिथि महर्जनले यस्ता प्रदर्शनीबाट विद्यार्थीहरुले एकै ठाउँबाट विभिन्न कलेजहरुको बारेमा जानकारी लिन सक्ने भएकाले विद्यार्थी र अभिभावकहरुलाई सहयोग मिल्ने बताउनु भयो ।

उक्त शैक्षिक प्रदर्शनीमा काठमाण्डौं, ललितपुर र कीर्तिपुरका गरी २८ वटा कलेज तथा क्याम्पसहरुले सहभागिता जनाइएको थियो ।

जसमा कीर्तिपुरका ५ वटा कलेजहरुको पनि सहभागिता रहेको थियो । प्रदर्शनीमा कलेजहरु बाहेक अन्य स्टलहरु रहेका थिए । कीर्तिपुरकै सक्षम ब्याण्डले दिनभरी सांगीतिक प्रस्तुती गरेको थियो । जसले गर्दा रमाइलो माहौल तयार भएको थियो ।

विहान १० बजेदेखि साँझ ४ बजेसम्म चलेको प्रदर्शनीमा कीर्तिपुर तथा अन्य ठाउका विद्यार्थीहरुको उल्लेख्य उपस्थिति रहेको थियो । करीव २००० जनाले प्रदर्शनी अवलोकन गरिएको थियो । उपस्थित अवलोकन कर्ताहरु माझ गोलाप्रथा द्वारा पुरस्कार प्रदान गरिएको थियो । जसमा कीर्तिपुर निवासी सृष्टि महर्जनले दुई जनाका लागि काठमाण्डौं-पोखराको दुई तर्फि टिकट प्राप्त गर्नु भयो भने अरु अवलोकनकर्ताहरुले कीर्तिपुर फुटसलको दश घण्टा बराबरको फुटवल टिकट आदि पुरस्कार जित्न सफल भएका थिए ।

यस वर्ष की.स्व.स.ले प्रदर्शनीको सूचना व्यापक बनाउने उद्देश्यले पहिलो पल्ट Ist Mr.Mrs KVS को आयोजना गरिएको थियो । जुन फेसबुकबाट जसले धेरै Like लिन सफल हुन्छ ती विजेता हुने घोषणा गरिएको थियो । त्यस अन्तर्गत Ist Mrs KVS स्टेजिलिया प्रधान २६२० भोट द्वारा विजेता चुनियो भने Ist Mr KVS मा अशेष महर्जन १६२० भोटद्वारा Ist Mr.KVS छानियो ।

यस की.स्व.स.का अध्यक्ष रोजेश मान प्रधान सँगको कुराकानीमा यो प्रदर्शनी गर्नुको उद्देश्यबारे उहाँले प्रदर्शनीबाट विद्यार्थीहरुले कुन कलेज, कहाँ, कसरी पढ्ने भन्ने अन्यौल हटाउन मद्दत पुग्ने बताउनु भयो । साथै कीर्तिपुर स्वयंसेवक समाज युवा लक्षित, शिक्षा तथा प्रकोप व्यवस्थापन क्षेत्रमा काम गरी आइरहेकाले युवाहरुले ख्यलितभभच वर्कमा देखाएको इच्छाद्वारा सन्तुष्टि मिलेको बताउनु भयो । प्रदर्शनीमा ५२ जना स्वयंसेवकहरु परिचालन भएका थिए । ति स्वयंसेवकले पछि सामाजिक काममा हात बढाउने बताउनु भयो । यस प्रदर्शनीबाट उठेको रकमबाट कीर्तिपुरबाट प्रवेशिका परीक्षामा उच्च अंक सहित उतीर्ण गरी कीर्तिपुरकै कलेजमा पढेका विद्यार्थीलाई छात्रवृत्ति प्रदान गर्ने बताउनु भयो । त्यसको अलावा कीर्तिपुरको नगरमण्डप श्रीकीर्ति विहारमा परियती शिक्षा अध्ययनरत विद्यार्थीहरुलार्य किताव तथा शैक्षिक सामाग्री हस्तान्तरण गर्ने बताउनु भयो ।

# पद्मरत्नको हास्यव्यंग बारे अन्तर्क्रिया



नेपालभाषाका लोकप्रिय हास्य व्यंग लेखक पद्मरत्न तुलाधरको हास्य व्यंगबारे एक अन्तक्रिया कार्यक्रम सम्पन्न भएको छ ।गत जेठ ३० गते शुक्रवार नेपाल भाषा परिषदका अध्यक्ष फणिन्द्र रत्न बज्राचार्यको सभापतित्वमा नेपालभाषा परिषदमा भएको थियो । कार्यक्रममा लेखक पद्मरत्न तुलाधरले आफूले कसरी हास्य व्यंग लेख्न सुरु गरें भनेर बताउनु भएको थियो । उहाँको हरेक हास्य व्यंग नाटक दबुलीमा मञ्चन भइसकेका छन । दुईवटा पुस्तक पनि प्रकाशित भइसकेको छ । उहाँको "वा वल फयू वल" हास्य व्यंग नाटकले थुप्रै पुरस्कार पनि जितिसकेको छ ।

नेपालभाषाको मुना सः संस्थाले गर्ने हरेक हास्य व्यंग कार्यक्रम सुरु गरेदेखि नै तुलाधारले हास्य व्यंग लेख्न सुरु गर्नु भएको थियो । पद्मरत्न तुलाधरको नाटकमा अभिनय गरिसक्नु भएका गणेश सायमि, भृगुराम श्रेष्ठलाई अतिथिको रुपमा बोलाईएको थियो । यस अन्तर्क्रिया कार्यक्रमको सहजिकरण नेपालभाषा परिषदका सचिव नविन चित्रकारले गर्नु भएको थियो । पद्मरत्न तुलाधरको नाटकको बारेमा नरेश वीर शाक्य, मथुरा सायमि, प्रतिसरा सायमि, राजेन्द्र शाक्य, मंगला कारंजित लगायतले विभिन्न प्रश्न सोधेका थिए ।

# भावपूर्ण श्रद्धाञ्जली



स्वर्गीय गणेशमाया महर्जन

जन्म : वि. सं. २००२ साल

निधन : वि. सं. २०७१ जेठ १० गते शनिवार

हाम्री ममतामयी **गणेशमाया महर्जन**को वि. सं. २०७१ साल जेठ १० गते शनिवारका दिन ६९ वर्षको उमेरमा स्वर्गारोहण भएकोले समस्त परिवारजन भावविह्वल तथा मर्माहित भएका छौं । दिवंगत आत्माको चिरशान्तिको कामना साथै भावपूर्ण श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्मालाई स्वर्गलोकमा वास मिलोस् भनि श्रीश्रीश्री बाघभैरव आराध्यदेवसंग प्रार्थना गर्दछौं ।

**छोरा/बुहारीहरु :**
गणेशमान महर्जन/श्रीमती सम्झना महर्जन
कीर्तिमान महर्जन/श्रीमती बेखामाया महर्जन

**छोरी/ज्वाईंहरु :**
श्रीमती निर्मला महर्जन/जयराम महर्जन
श्रीमती ज्वारी महर्जन/मदन महर्जन
श्रीमती सकुन्तला महर्जन/नारायण महर्जन

**देवरको छोरा/बुहारी :**
सिद्धिमान महर्जन/श्रीमती अष्टमाया महर्जन

**छोरा/नातीहरु :**
संगम महर्जन, आयूषमान महर्जन, सूर्यलक्ष्मी महर्जन, सुगतमान महर्जन
हर्षमान महर्जन, इन्द्रमान महर्जन, दिपेन्द्र महर्जन
गम्भिरमान महर्जन

**छोरी/नाती/नातिनीहरु :**
जस्मिन महर्जन, जटिन महर्जन
हर्षनानी महर्जन, रुपी महर्जन
रुमिला महर्जन, रुपरेखा महर्जन
नारायणदेवी महर्जन, नरेश महर्जन

**देवर नाती/नातिनीहरु :**
सृजना महर्जन, सृष्टि महर्जन
सुमन महर्जन

**तथा**
**सम्पूर्ण महर्जन परिवार**
**कीर्तिपुर नपा वडा नं. ३, इटाछें टोल**

# हार्दिक श्रद्धाञ्जली

**जन्म :**
**२०३४/०१/३०**



**स्वर्गारोहणः**
**२०७१/०१/१८**

**स्व. नरेन्द्र बज्राचार्य**

हाम्रा परममित्र नयाँबजार, कीर्तिपुरका **नरेन्द्र बज्राचार्य**को २०७१ बैशाख १८ गते असामयिक निधन भएकोमा हामी साह्रै मर्माहित भएका छौं। ४५ औं दिनको पुण्यतिथिमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै हार्दिक श्रद्धाञ्जली अर्पण गर्दछौं। साथै यस दुःखद घडिमा शोक सन्तप्त परिवारजनप्रति हार्दिक समवेदना प्रकट गर्दछौं।

श्रद्धाञ्जली दिने साथीहरु :

१. ओम शान्त महर्जन
२. नरेश श्रेष्ठ
३. महेश राम महर्जन
४. अमीर महर्जन
५. नरेन्द्र साही
६. अजय महर्जन
७. उनेश खड्गी
८. निरन जोशी
९. मनिष राज जोशी
१०. जितेन महर्जन
११. बिकु महर्जन
१२. रामेश्वर महर्जन
१३. ओम महर्जन
१४. रबिन्द्र महर्जन
१५. सुधिर महर्जन
१६. सुरेश महर्जन
१७. शषिर महर्जन
१८. श्री महर्जन
१९. आशा रत्न बज्राचार्य
२०. नविन श्रेष्ठ
२१. राकेश महर्जन
२२. सतिष गुरुङ
२३. समिर गुरुङ
२४. प्रसन्न गुरुङ
२५. मोति बज्राचार्य
२६. आनन्द श्रेष्ठ
२७. बिनेश डंगोल
२८. रामहरि महर्जन
२९. नविन श्रेष्ठ
३०. रामेश्वर महर्जन
३१. राजकुमार महर्जन




MOBILE MARKET 'N' KLINIC

LOKTANTRIC CHOWK

PHONE NO. 9851152393, 9801130121